## आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

**(नगर उप-प्रमुख श्री पुष्पराज खनालज्यूले १८ औं नगरसभामा पेश गर्नुभएको वजेट वक्तव्य)**

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा सभामा उपस्थित अन्य महानुभावहरु ।**

राइनास नगरपालिका, नगरसभाको यस गरिमामय १८ औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। आम नगरबासीहरुको अभिमतलाई कदर गर्दै न्यायपूर्ण र समृद्ध नगर निर्माण गर्ने अभियानमा निरन्तर रुपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु। यस अवसरमा मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम् स्थानीय स्वायत्त सरकार गठन र व्यवस्था परिवर्तनमा भएका जनआन्दोलन हुँदै जेनजी आन्दोलन लगाएत इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु तथा जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगतहरुप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछु। ऐतिहासिक लोकतान्त्रिक गणतन्त्र स्थापना, जनआन्दोलन साथै जेनजी आन्दोलनमा वेपत्ता, घाईते अपाङ्ग र सम्पूर्ण द्धन्द पिडित प्रति उच्च सम्मान व्यक्त गर्दछु।

आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, आवधिक विकास योजना, दिगो विकास लक्ष्यहरु, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना, नगरपालिकाको दीर्घकालीन योजना, आम नगरबासीहरुको माग एवं आकांक्षालाई सम्बोधन गर्ने प्रयत्न गरी तर्जुमा गरिएको छ। आगामी आर्थिक बर्षको बजेट तय गर्दै गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट यस नगपालिकाको लागि विनियोजन भएका बजेट तथा कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले सबै वर्ग क्षेत्र, लिङ्ग र समुदायलाई समेट्ने गरी सीमित स्रोत साधनलाई अधिकतम र मितव्ययी परिचालन गरी न्यायपूर्ण वितरण गर्न ध्यान दिइएको छ। राजनीतिक दल, निजी क्षेत्र, शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रका विज्ञ, किसान, पत्रकार, पिछडिएका एवम् सीमान्तकृत वर्गसहित आम नागरिकहरु र सबै सरोकारवालाको प्राप्त सुझावहरुलाई समेत आधार लिएको छु। यस बजेट तथा कार्यक्रमको कार्यान्वनबाट नगरपालिकाले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु।

चालु आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको कार्यान्वयन अवस्था हेर्दा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान र राजस्व बांडफाँडबाट प्राप्त हुने रकम अनुमान भन्दा कम प्राप्त हुने र स्थानीय स्रोतको दायरा सीमित हुँदा लक्ष्य अनुसार प्रगति हुन नसकेको अवस्था छ। उल्लिखित अवस्थाको विश्लेषण गरी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयत्न गरिएको छ ।

**नगर सभाका श्रद्धेय अध्यक्षज्यू**

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**

आगामी आर्थिक वर्ष ०८३/८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले गत आ.व.०८१/८२ को यथार्थ आय व्यय एवम् चालु आ.व.०८२/८३ को संशोधित आय-व्यय **सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्दछु।**

**आर्थिक वर्ष २०८१/८२ मा यथार्थ आय**

आन्तरिक आय तर्फ रु.४ करोड ८५ लाख ६० हजार २ सय ५८ पैसा मात्र (गत वर्षको संचित कोष मौज्दात सहित) संघीय सरकार सशर्त अनुदानबाट रु. २६ करोड ३८ लाख ३७ हजार ७ सय ५०। संघीय सरकार समानीकरण अनुदानबाट रु.७ करोड ८० लाख ८७ हजार ७ सय ६०। संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रु. ६ करोड ८९ लाख ३ हजार ८ सय ७८ पैसा ८५। संघीय सरकार विशेष अनुदानबाट रु. १ करोड ८७ लाख २३ हजार ८ सय दुई प्रदेश सरकार राजस्व बाँडफाँटबाट रु.८५ लाख ३३ हजार सातसय ८३ रुपैया ६३ पैसा र मालपोतबाट घरजग्गा रजिष्ट्रेशन बापत प्राप्त रु.२९ लाख १० हजार १ सय २३ र पैसा ५८। प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. १ करोड ४ लाख ३० हजार। प्रदेश सरकार समपुरक अनुदानबाट रु.२७ लाख ५५ हजार ६ सय ६३ गरी कुल जम्मा आय ५० करोड ४६ लाख ६० हजार १ सय ८० पैसा चौरासी मात्र यथार्थ आय भएको छ ।

**आर्थिक वर्ष २०८१/८२ को यथार्थ व्यय**

क्षेत्रगत विनियोजनका आधारमा चालु खर्च रु.३५ करोड ४३ लाख १३ हजार छ सय ३९ मात्र तथा पूँजीगत खर्च १२ करोड ७० लाख ९५ हजार आठसय उनान्साठी र पैसा पन्चानब्बे गरी कुल जम्मा रु.४८ करोड १४ लाख ९ हजार चारसय अन्ठानब्बे खर्च भई रु.२ करोड २७ लाख ९३ हजार चारसय १२ पैसा १३ मात्र ) चालु आर्थिक वर्ष ०८२/८३ मा जिम्मेवारी सरी आएको छ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०८२/८३ को संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्दछु। आन्तरिक आयकर तर्फ राजस्व गत वर्षको मौज्दात समेत रु. ५ करोड २७ लाख ९३ हजार चारसय १२ पैसा १३। संघीय सरकार राजस्व बाँडफाँटबाट प्राप्त रु.७ करोड २२ लाख ९८ हजार, ९ सय १। समानीकरण अनुदान रु. ८ करोड २९ लाख, सशर्त अनुदान ३३ करोड ३४ लाख ७० हजार, विशेष अनुदान रु.२ करोड २१ लाख, समपुरक अनुदान ६९ लाख।

त्यस्तै गरी प्रदेश सरकार राजस्व बाँडफाँटबाट प्राप्त हुने रु. १ करोड १७ लाख ८५ हजार, वित्तीय समानीकरण अनुदान रु.१ करोड ३ लाख ९१ हजार, समपुरक अनुदान ६० लाख र विषेश अनुदान रु.४० लाख। प्रदेश सशर्त अनुदान २ लाख गरी कुल आय ६० करोड ६७ लाख ६८ हजार ३ सय १३ पैसा १३ मात्र हुने अनुमान गरी सोही बमोजिम चालु तर्फ रु.४२ करोड १ लाख ९५ हजार ८१ पैसा ९५। र पूँजीगत तर्फ १८ करोड ८७ लाख ३३ हजार २ सय ३१ पैसा ८० विनियोजन गरिएकोमा प्रदेश सशर्त चालु तर्फ रु २१ लाख ६० हजार थप भई कुल

विनियोजन ६० करोड ८९ लाख २८ हजार ३ सय १३ पैसा १३ कायम भएको। जसमा हालसम्म कुल अनुमानको ५५.४५ प्रतिशत खर्च भएको व्यहोरा समेत जानकारी गराउँदछु।

**नगर सभाका श्रद्धेय अध्यक्षज्यू**

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**

चालु आर्थिक वर्षको संशोधित अनुमान भन्दा आगामी वर्षको संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने बजेट सीमा घटेर आएकोले आगामी आर्थिक वर्ष ०८३/८४ को आय अनुमान घटेको अवस्था छ। चालु आर्थिक वर्षदेखि प्राकृतिक स्रोत ढुंगा गिटी बालुवा उत्खननको कार्यलाई व्यवस्थित गरी ठेक्का प्रकृयामा गए पनि लक्ष्य अनुसारको आन्तरिक आयको प्रगति हुन सकेको छैन। यी सबै अवस्थालाई मध्यनजर गर्दै आर्थिक वर्ष ०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता देहाय बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- परम्परागत खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने,
- बाँझो जमिन प्रयोगमा उत्साहित गर्ने, चक्लाबन्दी कार्यक्रम साथै कृषिसडक विस्तार गर्ने,
- राइनास नगर अस्पतालबाट दक्ष चिकित्सक सहित सुविधा सम्पन्न भौतिक पूर्वाधारको व्यवस्था गरी स्थानीय स्तरमै नगरवासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने र अतिविपन्न नागरिकलाई स्वास्थ्य विमा कार्यक्रम जोड्ने,
- उत्पादन भएका कृषि उपज तथा बजार नपाएका कृषकहरुको उत्पादनको बजारीकरण गर्न न्यूनतम समर्थन मूल्य संकलन केन्द्र वा सहकारी मार्फत खरिद गरी कृषि उत्पादनको बजार पहुँचको सुनिश्चित गर्ने, स्थानीय उत्पादन संकलन गरी हाटबजार जस्ता प्रर्दशनी मेलाबाट बिक्री वितरण गर्ने र यसको लागि प्रत्यक्ष र डिजिटल हाट बजारको व्यवस्था गर्ने,
- शिक्षा र स्वास्थ्य सहित सामाजिक क्षेत्रमा गुणात्मक सुधार गर्ने,
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत एवम् समृद्ध नगर निर्माण गर्ने अभियान संचालन गर्ने,
- स्थानीय सीप र उत्पादनको प्रवर्द्धन, विपन्न सँगै एकल महिला उद्यमीकार्यक्रम मार्फत साना तथा घरेलु उद्योगको प्रवर्द्धन मार्फत आर्थिक विकास गर्ने,
- रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशील रोजगार सिर्जना तथा सीप विकास गर्ने,
- शिक्षामा समतामूलक पहुँच विस्तारका लागि सहज यातयात, प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार गर्ने,
- पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने,
- उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने,
- सामाजिक संरक्षणका माध्यमबाट सामाजिक न्याय कायम गर्ने,
- नगरको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवम् जनमैत्री बनाइ जनतालाई वास्तविक सुशासनको अनुभूति दिलाउने,
- राजश्व संकलनलाई पारदर्शी वनाउन डिजिटल विलिङ्ग मेसिनको प्रयोग गर्ने।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

सीमित स्रोत साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त हुने प्रयाससँगै गत आर्थिक वर्षको यथार्थ आय व्यय र चालु आर्थिक वर्षको संशोधित अनुमानको आधारमा उद्देश्य र प्राथमिकता अनुकुल हुने गरी अब म आगामी आर्थिक वर्ष ०८३/८४ का लागि देहायबमोजिमको अनुमानित आय व्यय प्रस्तुत गरेको छु ।

**आय तर्फ,**

आन्तरिक आय स्थानीय कर, दस्तुर र सेवा शुल्क तथा विविध आय समेत गरी २ करोड ९२ लाख र गत वर्षको बैंक मौज्दात समेत रु. ४ करोड ८५ लाख ३६ हजार ६ सय ६८ गरी **जम्मा रु. ७ करोड ७७ लाख ६३ हजार ६ सय अठसट्ठी,** संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.८ करोड २८ लाख, सशर्त अनुदानबाट रु.२९ करोड ५० लाख, विशेष अनुदान बापत रु. १ करोड र समपुरक अनुदान १ करोड २२ लाख गरी कुल जम्मा रु. ४० करोड, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु.१ करोड २ लाख ८८ हजार, समपुरक अनुदान रु.६० लाख, विशेष अनुदान रु.४० लाख गरी **जम्मा रु.२ करोड २ लाख ८८ हजार**, संघीय सरकार राजस्व बाँडफाडबाट प्राप्त हुने रकम रु. ७ करोड ५० लाख ५८ हजार र प्रदेश सरकार राजस्व बाँडफाँटबाट रु. १ करोड १९ लाख ९० हजार ३ सय ३२ गरी **कुल आय रु.५८ करोड ५१ लाख मात्र** हुने अनुमान प्रस्ताव गरिएको छ। सोही अनुसार **व्यय तर्फ ५८ करोड ५१ लाख अनुमान गरिएको छ।** समग्र आय व्यय अनुमानको विवरण विनियोजन ऐनमा संलग्न हुनेछ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष ०८३/८४ को लागि अनुमानित आय मध्येबाट अनुमानित शीर्षकगत व्ययको विवरण प्रस्तुत गर्दछु।

- राइनास नगरपालिकाको शैक्षिक सुधारका लागि यातायात व्यवस्थापन साथै शैक्षिक गुणस्तर विकास योजनाका लागि नेपाल सरकारको विशेष अनुदानमार्फत संचालन हुने गरी रु.१ करोड बजेट विनियोजन गरेको छु।
- नगरपालिकाको सडक पूर्वाधार व्यवस्थित गरी सबै वडाहरुमा सहज र गुणस्तरीय सडक निर्माण र विस्तारको लागि चक्रपथ (रिङरोड) कत्रेनी मसार बोराङ मोहोरिया-प्यारजुङ सडक निर्माणको लागि संघीय सरकारको समपुरक अनुदानमार्फत बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन हुने गरी रु.४ करोड २८ लाख मध्ये नेपाल सरकार मार्फत प्राप्त रु ८७ लाख र नगरपालिकाबाट आवश्यक रकम विनियोजन गरेको छु।
- विराबारी पन्थेडाँडा कोकेगाउँ सडक योजनाका लागि नेपाल सरकारको समपुरक अनुदानमार्फत संचालन हुने गरी रु. ७० लाख बजेट विनियोजन गरेको छु ।

- राइनास नगरपालिकाका नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा राइनास नगरपालिकाको एक घर एक धारा आयोजना संचालन गर्न रु. ४० लाख बजेट विनियोजन गरेको छु।
- गण्डकी प्रदेश सरकारको समपुरक अनुदानमार्फत संचालन हुने गरी कृषियोग्य जमिनमा कृषि सडक विस्तार योजना (वडा नं १ देखि वडा नं १० सम्म) रु.१ करोड २० लाख बजेट विनियोजन गरेको छु ।
- खहरे खोला स्टिल ट्रस पुल योजनाका लागि नेपाल सरकार सर्शत अनुदान तर्फ रु २० लाख बजेट विनियोजन गरेको छु।
- स्थानीय स्तरबाट प्राथमिकता भएका र स्थानीय आवश्यकताको आधारमा पहिचान गरिएका कार्यक्रमहरु सबै वडाबाट समानुपातिक रुपमा कार्यान्वयन हुने गरी आवश्यक बजेट विनियोजन गरेको छु।
- विषयगत रुपमा शिक्षा, स्वास्थ्यका कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशुपालनलाई व्यवस्थित गरी स्थानीय आर्थिक विकास र रोजगारी सृजनाको लागि कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।
- महिला बालबालिका, विपन्न एकल महिला, अपाङ्गता, विपन्न तथा जेष्ठ नागरिकका लागि आवश्यक रकम विनियोजिन गरेको छु।
- राइनास नगरको पर्यटन प्रवर्द्धन मार्फत प्रचारप्रसार र प्रोत्साहनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- राइनासटार सिंचाइ, पाङ्ग्रे फाँट सिंचाइ लगायतका आयोजनाहरुकोलागि रकम व्यवस्था गरेको छु ।
- चेपे नदी किनारमा बहुउद्देश्यिय तलाउ निर्माणको लागि DPR गर्न बजेट व्यवस्था गरेको छु ।
- वैदेशिक रोजगारलाई थप व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासन सामी कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु।
- सुशासन र संस्थागत विकास तथा कर्मचारीहरुलाई कामप्रति प्रोत्सहिति गर्न तलब बृद्धि साथै पुरस्कार तथा सम्मानको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- नगरक्षेत्रको फोहोर व्यवस्थापन तथा सडक बत्ती व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- नगरक्षेत्रको सार्वजनिक जग्गा पहिचान तथा नक्साङ्कन गर्ने क्रममा विविध कारणले घर विहिनहरुको उचित व्यवस्थाको लागि बजेट विनियोजन गरेको छु।
- नगरक्षेत्रमा हुने विपदका घटनाबाट राहत उद्धार र पुर्ननिर्माणको कार्यलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

- राजस्व तथा कर प्रशासन सुधार सम्बन्धी गरिएको व्यवस्था देहाय अनुसार प्रस्तुत गर्दछु ।
- मालपोत एवं भूमिकरलाई (सम्पत्ति कर) भूमिको उपयोगिता, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित एवं नागरिकमैत्री बनाउन विस्तृत वर्गीकरणमा जोड दिइ करको दर निर्धारण गरिएको छ।
- मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि राइनास नगरपालिका क्षेत्रको जग्गाको न्यूनतम मूल्यांकन अत्यधिक भई समस्या परेको अवस्थालाई मध्यनजर गरी सुधार गर्न नगरपालिकाको भूमिकर प्रयोजनको लागि न्यूनतम मूल्यांकनको आधारमा गर्न सिफारिस गरिएको छ।

- प्रत्येक आर्थिक वर्षमा वुझाउन पर्ने एकीकृत सम्पत्ति कर सोही आ.व.को असोजमसान्त भित्र बुझाएमा लाग्ने कर रकममा १० (दश) प्रतिशत छुट हुने व्यवस्थालाई निरन्तरता दिएको छ।
- महिलाको नाममा व्यवसाय दर्ता तथा नवीकरण र व्यवसाय कर दाखिला गर्दा लाग्ने कुल राजश्वमा २५ प्रतिशत छुट हुने व्यवस्थालाई निरन्तरता दिइएको छ।
- रातो, निलो, पहेलो र सेतो कार्ड पाएका अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरुलाई सिफारिस फारम शुल्क, घर नक्शा पास, संस्था दर्ता, व्यवसाय दर्ता तथा नवीकरण, व्यवसाय कर र सम्पत्ति करमा क्रमशः १००, ७५, ५०, र २५ प्रतिशत छुट हुने व्यवस्थालाई निरन्तरता दिइएको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र हित प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिने सबै सामाजिक तथा सेवामूलक संघ संस्थाको दर्ता नविकरण निशुल्क गर्ने व्यवस्था मिलाएको छु।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमले निर्देशित गरे बमोजिम यस बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । सीमित श्रोत र साधनबाट दिगो र ठोस उपलब्धी हासिल होस भन्ने उद्देश्यले आवश्यकताका आधारमा रकम विनियोजन गर्ने प्रयास गरिएको छ। आयोजना तर्जुमा मात्र महत्वपुर्ण विषय होईन यसको लक्ष्य एवम् उद्देश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा यथार्थ उपलब्धिको नजिक पुग्न सक्नु महत्वपुर्ण हुन्छ। यस बजेटको कार्यान्वयनमा सम्पूर्ण नगरबासीहरुको सकारात्मक सहयोग, सल्लाह सुझाव एवम् सिर्जनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा राइनास नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन दिने नगर प्रमुखज्यू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्युहरु, नगर सभा सदस्यज्युहरु, विषयगत समितका संयोजक तथा सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह, सुझाव, पृष्ठपोषण एवम् सहयोगको समेत अपेक्षा गर्दछु।

धन्यवाद।